

भ्रष्टाचार विरुद्ध विरोध कार्यक्रम :-
नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) द्वारा मंगलबार काठमाडौंको नयाँ बानेश्वरमा भ्रष्टाचार विरुद्ध आयोजना गरेको विरोध कार्यक्रममा सहभागीहरू । तस्बिर : विमलबहादुर बिष्ट/रासस

# भ्रष्टाचार विरुद्धको आन्दोलन माओवादीबाट मात्रै सम्भव छ-प्रधानमन्त्री

**काठमाडौँ, १६ जेठ (रासस)**

प्रधानमन्त्री तथा नेकपा ( माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पार्टीलाई राजनीतिक, वैचारिक, साङ्गठनिक र साँस्कृतिक दृष्टिले नयाँ बनाउने चुनौति रहेको बताउनुभएको छ।

पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा आज आयोजित केन्द्रीय सल्लाहकार समिति र ज्येष्ठ कम्युनिस्ट मञ्चको संयुक्त बैठकमा उहाँले उक्त कुरा बताउनुभएको हो।

उहाँले भन्नुभयो, "पार्टीका सबै निकाय व्यवस्थित बन्न नसक्दा सल्लाहकार र ज्येष्ठ कम्युनिष्ट मञ्चमा रहनुभएका कमरेडलाई उचित सम्मान र जिम्मेवारी दिन सकिएको छैन।"

उहाँले पार्टी राम्रो नभए त्यसको असर सबैतिर पर्ने भएकाले पार्टीलाई राम्रो बनाउन विचारलाई स्पष्ट गर्ने, सङ्गठन र अनुशासनलाई कायम गर्ने र संस्कृति, आचरण र कार्यशैलीलाई सच्याउने कुरा नै मुख्य भएको बताउनुभयो।

प्रधानमन्त्री दाहालले पार्टी, आन्दोलन र नेतृत्वप्रति जनतामा आशा रहेको उल्लेख गर्दै सोही आशाको बलमा आफूहरू सरकारको नेतृत्वमा आएको स्पष्ट गर्नुभयो।

उहाँले भन्नुभयो, "हामीले सरकारको मात्र नेतृत्व गरेका छैनौँ, राष्ट्रिय सहमतिको नेतृत्वको लिन पनि सक्षम भएका छौँ।"

प्रधानमन्त्री दाहालले विगतका अनुभवका आधारमा यसपटक सरकारको नेतृत्व भिन्न ढङ्गले सङ्कल्पका साथ लिएको बताउनुभयो। उहाँले देशको अहिलेको आर्थिक स्थितिलाई सहजीकरण गर्ने र जनतामा सेवा प्रवाहलाई सरल गर्ने कार्यमा सरकार केन्द्रित भएको बताउनुभयो।

उहाँले भन्नुभयो, "अब राजनीतिक परिवर्तन त भयो तर राष्ट् र जनताको जीवनमा र यसको प्रतिष्ठा अभिवृद्धि गर्ने कुरामा खासै परिवर्तन भएको छैन।

यसको फाइदा जनतालाई भ्रम दिनेहरूबाट हुन थालेको छ। त्यसका लागि अब जनतामा नयाँ आन्दोलन वा नयाँ खालको क्रान्तिको आवश्यकता भएको छ।"

प्रधानमन्त्री दाहालले जनताको पक्षमा काम गर्ने माओवादीबाट भ्रष्टाचार नियन्त्रण, सुशासन अभिवृद्धि र समृद्धि सम्भव भएको बताउनुभयो।

"अरुले गर्दा यो सम्भव हुने कुरा होइन। त्यही दृढ सङ्कल्पका साथ भ्रष्टाचारविरुद्धको आन्दोलन सुरु गरिएको हो।

यो विद्यमान विकृति र विसंगतिका विरुद्धको आन्दोलन हो", उहाँले भन्नुभयो।

अनियमितता, भ्रष्टाचार सम्बन्धी अन्य फाइल पनि सरकारले क्रमशः खोतल्ने जानकारी दिँदै प्रधानमन्त्री दाहालले ठूलठूला भ्रष्टाचारका काण्डको खोजीनीति गरिने बताउनुभयो।

उहाँले भन्नुभयो, "यसले जनतामा अब केही हुन्छ भन्ने विश्वास जगाउँछ । हामीले वर्षौंदेखि थुप्रिएर बसेको विसंगति रातारात अन्त्य हुने कुरा पनि होइन।"

प्रधानमन्त्रीले भोलिदेखि हुने भारत भ्रमणका बारेमा स्पष्ट गर्दै नेपाल राष्ट्रको हितमा दुई देशबीच केही नयाँ होस् भन्ने आफूले चाहेको बताउनुभयो। उहाँले अगाडि भन्नुभयो, "भोलिसम्मका लागि नेपाली जनताले सम्झने केही काम सम्पन्न होउन् भन्ने मैले चाहेको छु।"

उहाँले विद्युत्, सीमा, पारवहनलगायत विषयमा राम्रो गर्ने आफ्नो चाहना भएको बताउनुभयो । देशभित्र मात्र होइन देश बाहिर पनि आफूले राम्रो मात्र गर्ने राम्रो गर्न नसके नराम्रो चै गर्दै नगर्ने सङ्कल्प गरेको उहाँले बताउनुभयो।

प्रधानमन्त्री दाहालले भन्नुभयो, "केही राम्रो गर्नका लागि बिहानदेखि बेलुकासम्म म युद्धको बेलामा भन्दा व्यस्त छु।"

# महिला अधिकारका लागि लड्ने पार्टी एमाले-ओली

**काठमाडौँ, १६ जेठ (रासस)**



नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले आफू नेतृत्वको पार्टीले मात्र महिला अधिकारका लागि लड्ने जिकीर गर्नुभएको छ।

राष्ट्रिय महिला अधिकार दिवसका अवसरमा आज अखिल नेपाल महिला सङ्घले आयोजना गरेको 'महिला अधिकार कार्यान्वयनमा अवसर र चुनौती' विषयक राष्ट्रिय भेला तथा प्रशिक्षणमा उहाँले आफ्नो पार्टीले नै संसद्मा महिलाको ३३ प्रतिशत सहभागिता गराउने ऐतिहासिक निर्णय गरेको दाबी गर्नुभयो।

राष्ट्रपति र उपराष्ट्रपतिमा पनि एक जना महिला हुनुपर्ने बताउँदै अध्यक्ष ओलीले यसपटक महिलालाई अवसर नदिएको तर्क गर्नुभयो । उहाँले स्थानीय तहमा पनि गठबन्धनले साझा उम्मेदवार उठाउँदा दुई वटै पुरुष उठाएर महिला अधिकारमा हनन भएको टिप्पणी गर्नुभयो । समाजमा महिला र पुरुषमा समान अधिकार र समान हैसियत प्रदान गर्नुपर्ने धारणा उहाँको छ।

अध्यक्ष ओलीले मानिस मरिसकेपछि कसैले सम्झनुको अर्थ नहुने भन्दै आफ्नो सालिक नबनाउनसमेत आग्रह गर्नुभयो । "मरिसकेपछि किन सम्झिरहनु। बेकारमा सम्झिँदा मैले थाहा पाउने पनि होइन, त्यस कारण मेरो सालिक बनाउनु पर्दै, मूर्ति बनाउनुपर्दैन, स्मृति दिवस मनाएर खर्च गर्नुपर्दैन, मेरो धारणा त्यो हो।"

अखिल नेपाल महिला सङ्घका उपाध्यक्ष मेनुका पोखरेलले महिला अधिकार पक्षमा अझै आन्दोलन गर्नुपर्ने बताउनुभयो।

# बस दुर्घटनामा ३२ जना घाइते

**मुग्लिन, १६ जेठ (रासस)**

पृथ्वी राजमार्गअन्तर्गत चितवनको इच्छाकामना(५ मुग्लिनमा बस दुर्घटना हुँदा ३२ जना घाइते भएका छन्।

काठमाडौँबाट पोखरातर्फ जाँदै गरेको ग१ख ७७०१ नम्बरको बस आज दिउँसो ४ बजे मुग्लिनमा दुर्घटना भएको हो।

इलाका प्रहरी कार्यालय मुग्लिनका प्रहरी निरीक्षक विशाल तामाङका अनुसार बसमा सवार रहेका ३२ जना घाइते भएका हुन्। घाइतेमध्ये केहीको अवस्था गम्भीर रहेको छ। सामान्य घाइतेको मुग्लिन हाइवे हस्पिटलमा उपचार भइरहेको छ भने अन्य घाइतेलाई थप उपचारका लागि भरतपुर अस्पताल पठाइएको छ।

तीव्र गतिमा रहेको बस अर्को सवारीलाई उछिन्ने क्रममा भित्तामा ठोक्किएर पल्टिएको प्रहरी निरीक्षक तामाङले बताउनुभयो।

दुर्घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। अहिले राजमार्ग एकतर्फी मात्र सञ्चालन भएको छ। सडक दुईतर्फी सञ्चालनका लागि क्रेनको सहायताबाट दुर्घटनामा परेकोबसलाईसडकबाट हटाउने प्रयास भइरहेको निरीक्षक तामाङले बताउनुभयो।

# बसले ठक्कर दिँदा कारमा सवार दुईको मृत्यु

**नेपालगञ्ज, १६ जेठ (रासस)**

बाँकेको राप्तीसोनारी गाउँपालिका(८ ठुडिया खोला नजिकै आज भएको दुर्घटनामा दुई जनाको मृत्यु भएको छ।

धनगढीबाट पूर्वतर्फ जाँदै गरेको मे१ख ३३३५ नंको बसले काठमाडौँबाट कोहलपुरतर्फ आउँदै गरेको बा१३च ८२५३ नंको कारलाई ठक्कर दिँदा कार चालकसहित दुई जनाको घटनास्थलमा मृत्यु भएको इलाका प्रहरी कार्यालय, कोहलपुर, बाँकेले जनाएको छ।

दुर्घटनामा कार चालक गोरखा, आँपपिपलका सुवास अधिकारी र रुपन्देहीको बुटवल उपमहानगरपालिका(५ बस्ने करिब ५४ वर्षीया डा सञ्जु खाती खड्काको मृत्यु भएको इलाका प्रहरी कार्यालय, कोहलपुरका प्रहरी नायब उपरीक्षक सुन्दर तिवारीले जानकारी दिनुभयो। प्रहरीले बसलाई नियन्त्रणमा लिएको छ । घटनाको अनुसन्धान भइरहेको बताइएको छ।





मात्रिभाग्य रेखा ट्राभल्सको
रूट
वीरगंजबाट काकडभिट्टाको लागि
छुट्ने समय विहान ५:३५ बजे

धमाका ! धमाका !! धमाका !!!
फोन गर्नुहोस् सेवा लिनुहोस्
मिखा ट्रेडर्स
वीरगंज, पर्सा
ग्याँस चुल्हो सम्बन्धी सम्पूर्ण सामान विक्री तथा मर्मत गरिन्छ ।


०५१-५२८६६२, ०५१-५२०८४१
९८०७२६३०७२,
९८४५०३६७६८

दर्ता नं. : ९३/१९५/०६५/०६६
स्वस्तिक
बचत तथा ऋण सहकारी संस्था लि.
Swastik Saving & Credit Co-Operative Ltd.
ठेगाना:-विरगंज,पर्सा
फोन नं:-०५१-५२४८५८, मो.नं:-

यो ठाउ बिज्ञापनको लागि

राष्ट्रिय
# सहारा
दैनिक

यो ठाउ बिज्ञापनको लागि

वर्ष २० अंक २४५ २०८० जेठ १७ गते बुधवार (2023 May 31 Wednesday) मुल्य रू. ५।- पृष्ठ संख्या ४

## सत्ता र सम्पत्तिका लागि जे पनि गर्नेहरूका कारण

# देश अप्ठ्यारो अवस्थामा–उपप्रम श्रेष्ठ

काठमाडौँ, १६ जेठ (रासस)

उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले सत्ता र सम्पत्तिका लागि जे पनि गर्नेहरूका कारण देश अप्ठ्यारो अवस्थामा आइपुगेको बताउनुभएको छ।

वरिष्ठ पत्रकार पुरुषोत्तम दाहालको बाह्रौँ कृति 'कालपात्र' सार्वजनिक गर्नुहुँदै उहाँले भ्रष्टाचार र कमिसनको साँठगाँठलाई तोडेर मात्र देश बनाउन सकिनेमा जोड दिनुभयो । नयाँ मूल्य स्थापित गरेर समाजलाई उन्नत बनाउनुपर्ने उपप्रधानमन्त्री श्रेष्ठको भनाइ थियो।

"अहिले जीवन मूल्यमा ह्रास भएको छ, स्वार्थका निम्ति राज्यद्रोह गर्ने मानिस छन्, यस्तो अवस्थामा सफा राजनीतिले मात्र देशलाई परिवर्तन गर्न सक्छ, पार्टी र नेता नबदलिई देश बदलिँदैन, पुस्तकमा लेखकको आशय पनि यही छ, संसारका सुन्दरतम देशमध्ये औँलामा गन्न सकिनेमा नेपाल पनि पर्छ तर हामी अदक्ष कामदार खाडीमा पठाइ तिनले पठाएको विप्रेषणाले देश चलाइरहेका छौँ", उहाँले भन्नुभयो।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा आफू मन्त्री हुँदा कर्मचारी राखेरमात्र निर्माण व्यवसायीसँग कुरा गरेको प्रसंग पनि



कार्यक्रममा उहाँले सुनाउनुभयो। यस्ता कामको सुरुआत नगरी नयाँ मूल्य स्थापित नहुने उपप्रम श्रेष्ठको भनाइ थियो।

पुरुषोत्तम दाहालको बाह्रौँ कृति 'कालपात्र' सार्वजनिक उपन्यासका लेखक दाहालले राजनीतिमा अपराध भइरहेको पीडाले उपन्यासको जन्म भएको जानकारी गराउनुभयो ।

मसानघाटबाट सुरु भएर मसानघाटमै 'कालपात्र' उपन्यास सकिने उहाँले सुनाउनुभयो। देश, संस्था कुनै पनि तह र तप्काको नेतृत्व गर्नेले 'कालपात्र' उपन्यास पढ्नैपर्ने लेखक दाहालले बताउनुभयो।

"सर्वाधिक विकृति पत्रकारिता क्षेत्रमा छ, हिजो प्रेस विरोधी बजेट आएको छ, प्रहरी, प्रशासन र न्यायालयमा पनि यस्तै विकृति छ, सरकारी अनुदान लिन कमिसन दिनुपर्छ, तर यो कसैले पनि भन्दैन", उहाँले भन्नुभयो। गत वर्ष छ महिना अमेरिका बसेका बेला उपन्यास तयार पारिएको जानकारी पनि लेखक दाहालले गराउनुभयो । पूर्वसांसद शोभाकर पराजुलीले उपन्यास मानवतावादको

बाँकी तेश्रो पृष्ठमा

## हतियारधारी समुहबाट दिउसै बैंकमा लुटपाट

सहारा संवाददाता————

वीरगंज, १६ जेठ।

महोत्तरी जिल्ला स्थित एनएमबी बैंकको शाखाबाट हतियारधारी समुहले दिउसै लुटपाट गरेका छन।

जिल्लाको महोत्तरी गाउपालिका स्थित रहेको एनएमबी बैंकको शाखाबाट हतियारधारी समुहले दिउसै रु. ३५ लाख लुटपाट गरिएको हो।

मंगलबार दिउसो करिब साढे १२ बजेको समयमा महोत्तरी गापा वडा नं. २ स्थित बैंकको शाखामा प्रवेश गरेका हतियारधारी समूहले बन्दुक देखाएर रु. ३५ लाख लुटेर लगेको बैंकलाई उद्दृत गर्दै प्रहरीले जनाएको छ।

चार जनाको समुहमा रहेका लुटेराहरुले बैंकमा प्रवेश गरेर बन्दुक देखाउदै लुटपाट गरेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायव उपरीक्षक दिलिपकुमार गिरीले जानकारी दिनु भयो।

लुटेराहरुले मुखमा मास्क लगाएको कारण उनीहरुको पहिचान गर्न कठिनाइ भइरहेको प्रहरीले जनाएको छ।

लुटेराहरुले लुटपाट गरिरहेको बैंकको सीसीटिभी फूटेजमा देखिए पनि मास्क लगाएका कारण पहिचान हुन नसकेको जनाउदै प्रनाउ गिरीले यस बारेमा गम्भिर अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।

## राष्ट्रिय हितका द्विपक्षीय सहमति हुन्छन्–मन्त्री रिजाल

काठमाडौँ, १६ जेठ (रासस)

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रेमश रिजालले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भारत भ्रमणका क्रममा राष्ट्रिय हितमा द्विपक्षीय सहमति र सम्झौता हुने बताउनुभएको छ।

राष्ट्रिय समाचार समिति ( रासस) केन्द्रीय कार्यालयको अवलोकनपछि आज रासस स्टुडियोमा प्रधानमन्त्री दाहालको बुधबारदेखि हुने भारत भ्रमणबारेमा जानकारी दिँदै उहाँले भ्रमणका क्रममा आफ्नो नेतृत्वको मन्त्रालयका विषयमा हुने सहमति र सम्झौताबारे बताउनुभएको हो।

प्रधानमन्त्री नेतृत्वको उच्चस्तरीय प्रतिनिधिमण्डलमा सहभागी रहनुहुने मन्त्री रिजालले भ्रमणका क्रममा पारवहन सन्धि नवीकरण हुने, दुई देशबीच थप पेट्रोलियम पाइपलाइन विस्तारका विषयमा पनि सहमति हुने जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "सिलिगुडी चारआली पाइपलाइन र टर्मिनल ट्याक्त बनाउने कार्यक्रम छ। यसैगरी अमलेखगञ्ज

बाँकी तेश्रो पृष्ठमा

## मधेस प्रदेशसभा

# जनपक्षीय बजेट बनाउनुपर्नेमा प्रदेशसभा सदस्यहरूको जोड

जनकपुरधाम, १६ जेठ (रासस)

मधेस प्रदेशसभा सदस्यहरूले आगामी आर्थिक वर्षको बजेट जनपक्षीय बनाउन लाग्नुपर्नेमा जोड दिनुभएको छ।

प्रदेशसभाको आजको बैठकको विशेष समयमा बोल्ने अधिकांश सदस्यले बजेट निर्माणको प्रारम्भिक चरणदेखि नै जनताको आवाज प्रतिविम्बित हुने गरी विधि र प्रक्रिया निर्धारण गर्न सभामुखमार्फत सरकारलाई निर्देश गर्नुपर्ने बताउनुभयो।

बैठकमा प्रदेशसभा सदस्य रामसरोज यादवले उत्पादन र सामाजिक न्यायविना संविधान र पार्टीले देखेको समाजवाद नआउने भन्दै समाजमा रहेका सबै वर्गको उत्थानका लागि संवेदशील हुनुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले आगामी २५ / ३० वर्षमा मधेसको 'लाइफ लाइन' का रूपमा रहेको चुरेमा हुने भूक्षयले तराई मधेस मरुभूमिमा परिणत हुने प्राविधिकको प्रक्षेपणलाई मध्यनजर गरी पर्याप्त बजेट तथा व्यवस्थित योजना बनाउनुपर्ने बताउनुभयो।

त्यसैगरी प्रदेशसभा सदस्य युवराज भट्टराईले वैशाखसम्म २१ द्यशमलव आठ प्रतिशत मात्रै खर्च हुने स्थितिलाई अन्त्य गर्न वैशाखभन्दा पछि सम्झौता नगर्ने र रकमान्तर नगरिने





प्रतिबद्धता सरकारबाट जरुरी रहेको बताउनुभयो।

उहाँले आगामी आर्थिक वर्षको बजेटमा ५० लाखभन्दा साना योजना नराख्ने र बजेट खर्च गर्दा बोलपत्र आह्वानमार्फत गरिने परिपाटी बसाउनुपर्ने धारणा राख्नुभयो।

त्यसैगरी प्रदेशसभा सदस्य उपेन्द्र महतोले सःशर्त अनुदान दिने कुरा अभिभावकीय दायित्व निर्वाह र सुमधुर सम्बन्धका लागि परिकल्पना गरिए पनि त्यसबाट विचौलियाले बढी लाभ लिने अवस्था बनेकाले सरकारको

बाँकी तेश्रो पृष्ठमा

## हार्डवेयर सामानहरु लोड ट्रक नियन्त्रण

सहारा संवाददाता————

वीरगंज, १६ जेठ।

बिल बिजक भन्दा बढी खुद्रा तथा हार्डवेयरका सामानहरू सहित प्रहरीले एक ट्रक नियन्त्रणमा लिएको छ।

सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको टोलीले वीरगंज महानगरपालिका वडा नं. ८ घण्टाघर स्थित सडकखण्डबाट खुद्रा तथा हार्डवेयरका सामानहरू लोड ट्रक नियन्त्रणमा लिएको हो।

प्रहरी टोलीले सोमवार साढे

बाँकी तेश्रो पृष्ठमा

## बहिरा बालबालिकाको लागि मिलेर काम गरौं–मेयर सिंह





सहारा संवाददाता————

वीरगंज, १६ जेठ।

वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले बहिरा विद्यार्थीका लागि आउजाउ गर्न यात्रुवाहक बसको व्यवस्था मिलाउने बताउनुभएको छ।

वीरगंजमा सुरु भएको सरोकारवालाहरुका लागि १० दिने आधारभुत सांकेतिक भाषा तालिमको

बाँकी तेश्रो पृष्ठमा

# वीरगंज–पथलैया करिडोर घोषणासँगै उद्योगी व्यवसायी उत्साहित

वीरगंज, १६ जेठ (रासस)

सरकारले प्रस्तुत गरेको आर्थिक वर्ष २०८० / ८१ बजेट मार्फत वीरगंज–पथलैयालाई औद्योगिक करिडोर घोषणा गरिएकाले यहाँका उद्योगी व्यवसायी उत्साहित भएका छन्।

अर्थमन्त्री डा प्रकाशशरण महतले सार्वजनिक गर्नुभएको आर्थिक वर्ष २०८० / ८१ को बजेटमा वीरगञ्ज( पथलैयालाई औद्योगिक करिडोरको रूपमा विकास गर्ने भनिएको छ।

"विगतमा हामीले उठाउँदै आएका केही सुझाव पनि अहिलेको बजेटमा सम्बोधन भएको छ", वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिलकुमार अग्रवालले भन्नुभयो, "हामीले वीरगञ्ज(पथलैया खण्डलाई औद्योगिक करिडोरको रूपमा घोषणा गरिनुपर्छ भनिरहेका थियौँ, त्यो बजेटमा सम्बोधन भएको छ।"

यो एकदमै स्वागतयोग्य कुरा हो, यसका लागि सरकारलाई धन्यवाद दिन चाहन्छौँ उहाँले भन्नुभयो । "बजेटमार्फत वीरगञ्ज(पथलैया औद्योगिक करिडोर घोषणा गरी सरकारले हाम्रो कुरालाई सम्बोधन गरेको छ", अध्यक्ष अग्रवालले भन्नुभयो," यो हाम्रा लागि उपलब्धिको कुरा हो, यसको आधारभूत कुराबारे अध्ययन गर्न बाँकी छ । विस्तृत अध्ययनपछि मात्रै यस विषयमा थप कुरा गर्न सकिन्छ।"

निजी क्षेत्रलाई महत्व दिई वर्तमान आर्थिक अवस्थामा सुधारको प्रयास हुनु स्वागतयोग्य भएको भन्दै यहाँका उद्योगी व्यवसायीले बजेटको कार्यान्वयन हुनुपर्नेमा जोड दिए। निजी क्षेत्रको लगानी, युवा मनोबल वृद्धि र व्यवसाय रक्षाका लागि महत्वकांक्षी कार्यक्रम अघि बढाइए पनि आर्थिक तरलता कायम रहेका बेला आर्थिक वृद्धिको लक्ष्य पूरा हुने अवस्था नरहेको उहाँको कथन थियो। "एकातिर खुल्ला बोर्डका कारण अवैधरूपमा समान आयात र निर्यात हुने क्रम बढेको छ भने अर्कोतिर करको दर बढाइएको छ", अध्यक्ष अग्रवालले भन्नुभयो," त्यसैले खुल्ला नाकाबाट हुने अवैध आयात र निर्यात रोक्नुपर्‍यो र करको दरभन्दा पनि दायरा बढाउनु पर्छ।"

त्यसो गर्न सकिए मात्र राजस्व सङ्कलनको लक्ष्य पूरा हुनसक्छ, नभए लक्ष्य पूरा हुनसक्ने सम्भावना छैन उहाँले भन्नुभयो। सरकारले बजेटमा स्वदेशी उद्योगको उत्पादनलाई स्वदेशमै खपत गर्ने, युवा र महिला उद्योगीलाई प्रोत्साहन, आविस्कार र नवप्रवर्तनमा जोड दिएको छ। "बजेटमा दुईवटा औँद्योगिक क्षेत्रलाई अगाडि बढाउने र दुई वटालाई सार्वजनिक निजी साझेदारीअनुसार अगाडि बढाउने कुरा आएको छ", उद्योग वाणिज्य सङ्घ मधेश प्रदेशका पूर्वअध्यक्ष गणेश लाठले भन्नुभयो, "यो बजेटको सकारात्क पक्ष हो तर यसलाई कार्यान्वयन कसरी गरिन्छ भनेमा भरपर्छ।"

पूँजीगत खर्च बढ्न नसकेर अर्थतन्त्रमा समस्या देखिएको अवस्थामा बजेटले पुँजीगत खर्च बढाउने र अनुत्पादक खर्च कटौती गर्ने नीति लिनु सकारात्मक भएको उल्लेख गर्दै उहाँले बजेटमा उद्योग, वाणिज्य र लगानी क्षेत्रलाई सहजीकरण, प्रोत्साहन र कर छुटको घोषणा हुनु पनि स्वागतयोग्य

बाँकी तेश्रो पृष्ठमा

वीरगंज महानगरपालिकाको जनहितमा जारी

सूचना

चट्टयाङ्ग भनेको वायुमण्डलमा दुई फरक चार्ज भएका पत्रहरुमा अकस्मात् र वेगले डिस्चार्ज हुदाँ उत्पन्न हुने बेजोड विजुली हो। चट्टयाङ्ग नेपालको प्रमुख विपद हो र यसबाट हामी सुरक्षित हुन जरुरी छ।

चट्टयाङ्गबाट कसरी वच्ने ?

- चट्टयाङ्ग खसेको बखत खुला तथा समतल जमिनमा नबसौ, नसुतौ।
- चट्टयाङ्गको बेला घरमा रहेका विद्युतिय उपकरणहरु नचलाऔ।
- चट्टयाङ्ग खसेका बेला रुख तथा विजूलीको पोलमुनि ओत नलागौ। साथै धातुको तारबार नजिक नबसौँ।
- चट्टयाङ्गको समयमा बारी तथा खेतमा काम नगरौँ।
- घरभित्रै रहेको समयमा झ्याल ढोका नजिक वा भित्तामा अडेस लागेर नवसौँ।

बीरगज महानगरपालिका